"सचेत नागरिक मार्फत दिगो पूर्वाधार, स्वच्छ सरसफाई, सुशासन सहित समृद्ध नगर निर्माणको आधार"

स्थानीय सरकार

त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर, डोल्पा

www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३ सूचना नं. ०७/२०८२-०८३ मितिः २०८२।०४।१३

ने.सं.११४५ गुँल्लाथ्व ५ मंगलवार

विषयः चमेना गृह संचालन सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस त्रिपुरासुन्दरी नगर कार्यपालिकाको कार्यालय परिसरमा नगरपालिकाका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी एवं काम विशेषले नगरपालिकामा आउनु हुने सेवाग्राहीहरु स्वंयमले भुक्तानी गर्ने गरि तपशिल बमोजिमको शर्तको अधिनमा रहि खाजा/खाना उपलब्ध गराउने गरि चमेना गृह संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक होटल व्यवसायी, फर्महरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खाजा/खानाको परिकार र इकाई अनुसार वस्तु तथा सेवा न्यूनतम के कति दररेटमा उपलब्ध गराउन सकिन्छ तथा नगरपालिकाको जग्गामा चमेना गृह संचालन गरेवापत न्यूनतम बहाल शुल्क मासिक रु.५००० (पाँच हजार) मा बढाबढ बुझाउन सकिने बहाल शुल्कको दररेट समेतको विवरण खामबन्दी गरि कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

<u>तपशिल</u>

१. नगरपालिकाको जग्गामा चमेना गृह संचालन गरेवापत वहाल शुल्क नगरपालिकालाई मासिक रुपमा बुझाउनुपर्ने।

२. सरसफाईजन्य पानी पालिकाले निशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था संचालक स्वंयमले गर्नुपर्नेछ।

३. चमेना गृहको छुटै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको विल भुक्तानी दायित्व चमेना गृह संचालकको हुनेछ।

४. चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण गुणस्तर एवं चमेना गृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्व निर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा जुनसुकै बखत कार्यालयले सम्झौता रद्द तथा आवश्यक कारवाही गर्न सक्नेछ।

भिम बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत